*"हरेक क्षेत्रमा सवैको क्रियाशिलता, सवल एवम् सक्षम चन्द्रकोट, भ्रष्टाचारमा शुन्य सहनशीलता"*

# चन्द्रकोट गाउँपालिकाको आ.व. २०८३/०८४ को लागि
## गाउँपालिका उपाध्यक्ष
## श्री विष्णु प्रसाद भण्डारी ज्यूले पेश गर्नुभएको
## बजेट वक्तव्य

## चन्द्रकोट गाउँपालिका
## उन्नाईसौं गाउँसभाको दोश्रो बैठक

Website:

www.chandrakormun.gov.np

**सम्मानित यस सभाका अध्यक्षज्यू**

**सभा सदस्य ज्यूहरु,**

१. चन्द्रकोट गाउँपालिकाको यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न जिम्मेवारी दिनुहुने आम गाउँपालिकाबासी प्रति सर्व प्रथमतः आभार प्रकट गर्दै आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत गर्न लागिएको राजस्व र व्ययको अनुमानलाई संघीयताको जग मजवुत पार्ने नागरिक सरकारको अनुभूति दिलाउने र **"सम्बृद्द चन्द्रकोट र सक्षम चन्द्रकोट"** को अभियानमा अगाडी बढ्ने प्रभावकारी कदमका रूपमा बजेट प्रस्तुत गरेको छु ।

३. विभिन्न कालखण्डमा राष्ट्रका नाममा सहादत प्राप्त गरेका ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दै बेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान गर्दैराष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, मधेश आन्दोलन र नयाँ पुस्ताको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दछु।

४. गाउँपालिकाका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, सामाजिक न्याय र समुन्नतिको आधारशीला खडा भई गाउँपालिकाबाट शासन, प्रशासन र विकास व्यवस्थापनमा सुधार हुदै गैरहेको छ। साथै स्वास्थ्य,शिक्षा, खानेपानी, कृषि, सडक, यातायात, लगायत भौतिक पूर्वाधार तथा संरचनाको दीगो व्यवस्थापन र उपयोगमा उल्लेख्य प्रगति हुदै उद्यमशीलता र नवप्रवर्तनमा विभिन्न वर्गको सशक्तीकरण जस्ता मूलभूत विषयहरुमा समेत उल्लेख्य प्रगति भई निकट भविष्यमा नै देखिनेगरी सबैले समान रुपमा विकासको प्रतिफल अनुभूत गर्न सक्ने कुरामा विश्वस्त छु।

५. दिगो विकासका लक्ष्यका लक्ष्यहरुको स्थानीयकरण, आन्तरिकीकरण तथा लैङ्गीक उत्तरदायी बजेट कोडिङ्ग गरी राज्यका निर्देशक सिद्धान्त र नीति तथा प्रतिवद्वता प्राप्तिको दिशामा गाउँपालिका अग्रसर रहेको छ ।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा व्यापक सुधार आउनुका साथै कार्यहरूमा तिव्रता आएको छ। सार्बजनीक नीजि क्षेत्र र अन्य सरोकारवाला सबैसँग हातेमालो गर्दै आइएको छ।जसले गर्दा विभिन्न प्रकारका सुधारात्मक अवस्थाको वातावरण बन्दै गएको छ।पर्यटन पूर्वाधारका विकास, गाउँपालकावासीको शिक्षा र स्वास्थ्य स्थितिमा सुधार, गाउँपालिकाको दैनिक प्रशासन र सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई "सेवाको वरिपरी

जनता होईन, जनताको वरीपरि सेवा" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै अगाडी बढ्ने प्रतिबद्धता सहित यो बजेट तथा कार्यक्रम तयार गरिएको छ।

७. गाउँपालिकाको कार्यक्षेत्रसँग सम्बन्धित क्षेत्रहरूको कार्य प्रगतिलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउदै गाउँपालिकाबासी सार्वभौम नागरिकको अधिकार संरक्षण गर्ने कार्यमा गुनासो व्यवस्थापन, अनुगमन तथा निरीक्षण प्रणालीलाई यथाशक्य प्रविधिमैत्री बनाईनेछ साथै यस्ता गुनासो र आकांक्षाहरूलाई समयमा नै संबोधन गर्न अनुगमनलाई तिव्रता दिइएको छ।

८. आगामी आर्थिक वर्षको गाउँपालिकाको विकास, नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अन्तर्गत वस्तीस्तरबाट विभिन्न सहभागीतामूलक चरणहरू पुरा गरी वस्ती, वडा हुँदै विभिन्न विषयगत तथा अन्य समिति हुँदै कार्यपालिकाबाट स्वीकृत गरी यहाँहरू समक्ष बजेट, नीति तथा कार्यक्रम प्रस्ताव गरी पेश गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु।

९. यी चार बर्षको अवधिमा हाम्रा अथक प्रयासहरूमा हरदम निर्देशन र सहयोग प्रदान गर्नुहुने संघ प्रदेशका माननिय ज्यूहरु तथा पूर्व माननियहरु, पूर्व कार्यपालिका सदस्यहरु, गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरू, स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा सेवा प्रदान गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी वर्ग तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरु साथै सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षा प्रदान गर्नको लागि उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका खातिर अनवरत रुपमा खटिरहनु भएका शिक्षक, व्यवस्थापन समितिहरु तथा शिक्षक अभिभावकहरु, सरोकारवाला निजि, सहकारी समेतका विकास साझेदारहरू, विभिन्न करदाताहरु, समाजसेवी, गाउँपालिकावासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरू, विकास अभियान्ताका रूपमा रहेका स्थानीय सरोकारवाला निकायहरू, गैर सरकारी संस्थाको साझेदारी भूमिका प्रति गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

१०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतका कानूनहरूले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजस्व र व्यय सहितको बजेटको अनुमान गाउँ कार्यपालिकाबाट स्वीकृत गरी नीति तथा कार्यक्रम र बजेट चालु आर्थिक वर्षको आषाढ १० गतेभित्र गाउँसभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरिसक्नु पर्ने कानूनी प्रावधान रहेको छ। कानूनी प्रावधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून निर्देशिका तथा कार्यविधिको अधिनमा रहि गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ, चालू आर्थिक वर्ष २०८२/०८३ को संशोधित बजेट तथा कार्यक्रम र आगामी वर्ष २०८३/०८४ को

अनुमानित वार्षिक बजेट नीति तथा कार्यक्रमलाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यस सम्मानित सभाको १९ औं अधिवेशनमा पेश गरेको छु।

११. गाउँपालिकाको विकासको बर्तमान अवस्था शासन प्रशासन र विकास व्यवस्थापनमा प्रविधिजन्य सुविधाको बढ्दो जनचाहन र उपलब्ध श्रोत साधान कार्यालय र गाउँपालिकाको मौजुदा समस्या र चुनौतीहरुमा कार्य सम्पादनकझ क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बृहत्तर दृष्टी र विहंगम बिश्लेषण सहित गाउँपालिकाको दुरगामी निकासमा अर्जुनदृष्टी निर्माण गर्नु आजको आवश्यकता हो।

१२. अब म चन्द्रकोट गाउँपालिकाको समग्र विकास सम्बन्धी वस्तु स्थितिको संक्षिप्त सिंहावलोकन यहाँहरू समक्ष राख्ने अनुमति चाहन्छु।

१३. चन्द्रकोट गाउँपालिकाको भौगोलिक बनावटका हिसावले केहि दुर्गम स्थानीय तह रहेको भएतापनि उपलब्ध प्राकृतिक स्रोत, ऐतिहासिकता, साँस्कृतिक शैक्षिक, कृषि एवं पर्यटकिय महत्वका दृष्टिले प्रबल र तिव्र विकासको सम्भावना भएको यो गाउँपालिका हो। तथापीसिमित साधन श्रोत तथा नागरिकको असिमित चाहनाका कारण गाउँपालिकाको यथेष्ट र चाहेजति शासन प्रशासन र विकास व्यवस्थापनले गति लिन नसकेको यथार्थताका पछाडी थुप्रै चुनौती र जटिलताहरु रहेका छन्।

१४. गाउँपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूल प्रवाहमा ल्याउने,गाउँपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने, रोजगारीका अवसरहरु सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरूको प्रवर्द्धन तथा विविधिकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरूको व्यवसायीकरण गर्ने, चरम अवस्थामा रहेको वसाई सराईलाई कम गर्दै नागरिकलाई विकास र शुसासनको अनुभुति दिलाउने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचनामूलक सञ्चार र प्रविधिको माध्यमबाट सुशासन प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरूको प्रवाह गर्ने, पर्यटकिय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसबाट प्राप्त लाभ टोल वस्ती हुँदै विपन्न वर्ग सम्म पुऱ्याउने, वडिगाड नदी, खहरे-खोला जस्ता विभिन्न जलजन्य क्षेत्रहरुको संरक्षण गर्दै त्यसबाट आन्तरिक आयमा बृद्दि गर्ने, दिब्रुङ्ग दह मन्दिर,चन्द्रकोट मन्दिर, टिमुरेताल, अर्जेवा झरना, पाटेचौर तथा रुमालबारी पिकनिक स्पट, सिद्दबाबा मन्दिर, चण्डीस्थान मन्दिर दिब्रुङ्ग दहक्षेत्र जस्ता ऐतिहासिक पुरातात्विक तथा पर्या-पर्यटकीय क्षेत्रको क्षेत्रको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न समय सुहाउँदो भौतिक पूर्वाधारहरूको विकास र विस्तार गर्ने, उद्योग, सामाजिक विकास एवं पूँजीलाई संस्थागत गर्दै चन्द्रकोटगाउँपालिकाले

लिएको **सम्बृद्द चन्द्रकोट र सक्षम चन्द्रकोट** भन्ने सोचलाई चुम्न सक्ने गरी दिगो विकास गर्ने, पूर्वाधार विकासका कार्यहरू गर्नु हाम्रा मुख्य चुनौतीहरू रहेका छन्।

१५. उल्लेखित चुनौतीहरूको सामना गर्दैसमस्याहरूको समाधान गरी गाउँपालिकाको समग्र विकास र समृद्धि हासिल गर्न गाउँपालिका अध्यक्षज्यूको नेतृत्वमा रहेका जनप्रतिनिधिहरूको उच्च स्तरको अठोट, समन्वय तथा संतुलित एकता र गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत सम्पूर्ण राष्ट्रसेवककर्मचारीहरूको सहयोगात्मक सु-सम्बन्ध आवश्यकता रहेको छ।

**आदरणिय सभाध्यक्ष ज्यू**

१६. अव म गाउँपालिकाको विकास सम्बन्धी अवस्थाको संक्षिप्त सिंहावलोकन पछि अब म चन्द्रकोट गाउँपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय व्यय र प्रमुख उपलब्धीहरूको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१७. चन्द्रकोट गाउँपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक आय तर्फ ९८ लाख ५४ हजार ६ सय ४९ रूपैया, संघीय सरकारबाट (वित्तीय समानिकरण, समपुरक,राजस्व बाँडफाँड, शशर्त र विशेष)बाट गरी जम्मा ४२करोड ३८ लाख ५५ हजार९ सय ६८ त्यसैगरी लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) गरी जम्मा ३ करोड ०७ लाख ३३हजार१ सय ३२ रुपैया तथा गत बर्षको अल्या र स्थानीय बाँडफाँड गरी रु. ९१ लाख ७१ हजार ३ सय ७३ रुपैया गरी कुल आम्दानी रु.४७ करोड ३६ लाख १५ हजार १ सय २२ रुपैया प्राप्त भएको थियो भने खर्च तर्फ चालुमा रु. ३३ करोड २० लाख १९ हजार ३ सय २८(८५.१५ प्रतिशत) र पूजीगततर्फ रु.८ करोड ३१ लाख ०५ हजार ५ सय ०२ रुपैया(७३.२१ प्रतिशत) गरी कुल खर्च रु. ४१ करोड ५१ लाख २४ हजार ८ सय ३१(८२.४६ प्रतिशत)खर्च भएको छ।गाउँपालिकाको आ.व. २०८१/०८२ को अन्त्यमा खर्च हुन नसकी बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम संघीय तथा प्रदेश सरकारलाई फिर्ता गरिएको छ।

**सभाध्यक्षज्यू**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको जेष्ठ मसान्तसम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८. चन्द्रकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्ममा आन्तरिक आय तर्फ ६७ लाख६७ हजार ९ सय २३ रूपैंया, संघीय सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) बाट गरी जम्मा ३७ करोड ३१ लाख ०४ हजार ८ सय ३८ रुपैया त्यसैगरी लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) गरी जम्मा १ करोड ८७ लाख ०० हजार ८ सय ८३ रुपैया तथा गत बर्षको अल्या र स्थानीय बाँडफाँड गरी रु.२ करोड १० लाख ८३ हजार ०० सय २ रुपैया गरी कुल आम्दानी रु. ४१ करोड ६८ लाख ६६ हजार ६ सय ४६ रुपैया प्राप्त भएको छ भने खर्च तर्फ चालुमा रु.२४ करोड १७ लाख २४ हजार ० सय २७ र पूजीगततर्फ रु. ५ करोड ७५ लाख ४० हजार १ सय १७ रुपैया गरी कुल खर्च रु. २९ करोड ९२ लाख ६४ हजार १ सय ४४खर्च भएको छ।जस अनुसार समग्रमा हेर्दा पूजीगत तर्फ ३४ प्रतिशत र चालु तर्फ ६०.५५ प्रतिशत गरी कुल ५२.६१ प्रतिशत खर्च भएको छ।गाउँपालिकाको आ.व. २०८२/०८३ को बाकी बजेट कार्यान्वयको अवस्थामा रहेको छ।

**सभाका सभाध्यक्षज्यू**

१९. अब म चन्द्रकोट गाउँपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रम गाउँपालिकाको दीर्घकालिन सोच, राष्ट्रिय प्रादेशीक र स्थानीय विकासका प्राथमिकताहरू, योजना तर्जुमा आधारहरू, हामीले नागरिक समक्ष विभिन्न समयमा गरेका प्रतिबद्धता र गाउँपालिकाका समग्र नीतिहरूको सार संक्षेप सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**दीर्घकालिन सोंच**

२०. चन्द्रकोट गाउँपालिकाले परिकल्पना गरेको "**सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी**"भन्ने दीर्घकालिन सोचनै यस बजेट नीति तथा कार्यक्रमको दिर्घकालिन सोच र बहिंगम दृष्टी हो।

**बजेटका उद्देश्य**

**२१. आर्थिक बर्ष २०८३/०८४ का बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्**

- गाउँपालिकाको आर्थिक सामाजिक तथा साँस्कृतिक रूपान्तरण गर्ने,
- सुशासन र सेवाग्राही एवम् प्रविधिमैत्री सेवाप्रवाह गर्ने,

- सामाजिक न्यायसहितको समतामूलक सामाज निर्माण गर्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सक्ने आयोजनामा लगानी गर्ने,
- भौतिक संरचनाहरु दिगो र वातावरणमैत्री पुर्वाधार निर्माण गर्ने,
- नवप्रबर्तनकारी योजनाहरु संचालन गर्ने,
- मानव अधिकारको संरक्षण र शान्ति सुरक्षाको अवस्था कायम राख्ने,

**सभाध्यक्ष ज्यू**

**सभाका सदस्यहरुअव म बजेटका प्राथमिकताहरु सम्मानित सभासमक्ष पेश गर्दछु।**

२२. आर्थिक बर्ष २०८३/०८४ को बजेट बाँडफाँड गर्दा निम्न क्षेत्रहरुलाई उच्च प्राथमिकतामा राखिएको छ

- संघीय लोकतान्त्रिक शासन व्यवस्थाका लाभमा जनताको सहज पहुँच स्थापित गर्ने,
- कृतिम बौद्धिकताको प्रयोग गरी प्रविधिमैत्री शासन प्रशासन र विकास व्यवस्थापनमा सहजता कायम गर्दै सेवा प्रवाहमा सहजता ल्याउने,
- उत्पादन र उत्पादकत्व बढाउँदै कृषि तथा पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउने,
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्ने,
- वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास गर्ने,
- निर्माण भएको पूर्वाधारको मर्मत संभारका लागि विकास आयोजनाहरुलाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगोपनको शुनिश्चितता कायम गर्ने,
- संभावित विपद्जन्य लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमाहरुमा संभावित विपद् जन्य घटनालाई रोक्ने संयन्त्रको विकास गर्ने,
- सुचना तथा संचार प्रविधिको विकास,
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ हरुबाट राजश्व संकलनमा बृद्दि गर्नु तथा करका दायरा बढाउने,
- विभिन्न समयमा गाउँपालिका क्षेत्रमा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्ने
- लैङ्गिकता तथा बर्गीयतामा आधारित न्यायपूर्ण समतामुलक विकास गर्ने

२३. **योजना तथा कार्यक्रम तर्जुमामा छनौटका आधार एवं मार्गदर्शनहरू**

- नेपालको संविधानका राज्यका नीति, निर्देशक सिद्धान्त र दायित्वहरु,

- नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरू,
- संघीय र लुम्बिनी प्रदेश सरकारको चालु तथा आवधिक योजना र बजेट तथा कार्यक्रमहरु,
- राष्ट्रिय योजना आयोगबाट प्राप्त नीतिगत निर्देशनहरू,
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र आन्तरिक राजश्व परिचालन क्षमता
- संघीय सरकारबाट समय-समयमा प्राप्त नीतिगत निर्देशनहरू,
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्ग निर्देशनहरू र प्राप्त बजेट सिलिङ्ग,
- स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजस्व परामर्श समिति, वडा सभा, विषयगत समितिहरू, गाउँ कार्यपालिका सदस्यहरूबाट प्राप्त सुझावहरू,
- चन्द्रकोट गाउँसभाका सदस्यहरूबाट प्राप्त सुझावहरू,
- चन्द्रकोट गाँउपालकाको आवधिक योजना र तर्जुमाको क्रममा रहेको मध्यमकालिन खर्च संरचना
- संघ तथा प्रदेशका माननीय ज्यूहरु, पूर्व माननिय ज्यूहरु, पूर्व कार्यपालिका सदस्यहरु, विभिन्न राजनितिक दलका साथीहरु, विकास साझेदार निकायहरु, निजी क्षेत्र, बैङ्क-वित्तिय तथा सहकारी क्षेत्रसमेतका समग्र विकासका सरोकारवालाहरूबाट प्राप्त सुझावहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विगतका गाउँसभाहरूबाट प्राप्त पृष्ठपोषणलाई यो गाउँपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रूपमा अवलम्बन गरिएको छ।

सभाध्यक्ष महोदय,

२४. अब म आगामी आर्थिक बर्ष २०८३/०८४ वर्षका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## कृषि तथा पशुपालन क्षेत्र तर्फ

२५. उत्पादनमा आधारित कृषि विकास कार्यक्रम सञ्चालन गरी युवापुस्तालाई कृषि व्यवसायमा आबद्ध गरी चन्द्रकोट गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लैजाने नीति अनुरुप चालु आवको लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

२६.पालिकाभित्रका कृषकले उत्पादन गरेका कृषि जन्य वस्तु तथा उपजको संकलन र विक्रि वितरणका लागि कृषि हाटबजार संचालन र व्यवस्थापन कार्यका लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

२७. ५० प्रतिशत लागत साझेदारीमा कृषि जन्य यन्त्र उकरण वितरण कार्यक्रमका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

२८. कृषिमा आधारित साना सिंचाई कार्यक्रमलाई प्रबर्धन गरी कृषि उत्पादन बढाउने कार्यका लागि आवश्यक रकम बिनियोजन गरेको छु।

२९. पालिकाभित्रका कृषकलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्न र कृषि क्षेत्रलाई थप प्रभावकारी बनाउन तथा कृषिक्षेत्रमा लगानी बढाउन बैङ्क तथा वित्तिय संस्थाबाट कृषकले लिने कृषि ऋणको व्याजमा अनुदान कार्यक्रमका लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

३०. कृषि हानीकारक बन्यजन्तु जस्तै बाँदर, बँदेल, दुम्सि जस्ता जनावरहरुका कारण कृषकको उत्पादनमा हुने क्षतीलाई कम गर्न बन्यजन्तु प्रभावित क्षेत्रमा बैकल्पिक कृषि खेती प्रबर्धन कार्यक्रम संचालन गर्ने गरी आवश्यक रकम विनियोजन गरेको छु।

३१. कृषिक्षेत्रमा आवद्ध नागरिकहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

३२. कृषकहरुको उत्पादन बढाउन विभिन्न भिटामिन तथा रोग किटनाशक औषधि खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३३. कफिक्षेत्रमा आवश्यक कार्य गर्नका लागि कफि प्रबर्धन कार्यक्रमका लागि प्रदेश सरकारको शशर्त अनुदान अन्तर्गत रु ७ लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

३४. कृषिमा आत्मनिर्भरता बढाउन साथै समग्रमा कृषि क्षेत्रको विकास र प्रबर्धनका लागि विभिन्न कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५.गाउँपालिकाको कृषि विकास सम्बन्धी कार्यक्रमलाई वस्तुपरक र यथार्थपरक बनाउन प्रयास गरेको छु।

३६.पशु सेवा क्षेत्रलाई थप व्यवस्थित गर्न व्यवसायीकरण, आधुनिकीकरणर यान्त्रिकरण गरी गुणस्तरीय पशुपन्छीजन्य वस्तु उत्पादन गर्न र कृषकहरुको आर्थिक अवस्था सुधार गर्नको लागि कृषकहरुको उत्पादनमा आधारित पशु विकास कार्यक्रमका लागि रु ४ लाख रकम विनियोजन गरेकोछु।

३७.समुदायमा देखिने सामुदायिक कुकुर तथा विरालोहरुबाट सर्ने रोग नियन्त्रण गर्नका लागि र उनीहरुको व्यवस्थापनका लागि कुकुर तथा विरालो बन्धयाकरण कार्यक्रम संचालन गर्न रु ४ लाख रकम विनियोजन गरेको छु।

३८.पशुपंक्षीहरुमा खोपको व्यवस्थापन, कृतिम गर्भाधान मिस्सन कार्यक्रम, पशु जन्य औषधि व्यवस्थापन तथा खरिद कार्यक्रम, पशुपंक्षी विपद अनुदान लगायतका कार्यक्रम गर्न गाउँपालिकाको तर्फबाट थप रु ६ लाख ५० हजार रकम विनियोजन गरेको छु।

३९.पालन गरेका पशुहरुमा देखिने विभिन्न स्वास्थ्य समस्यालाई कम गर्न तुराङ्ग बहुप्राविधिक शिक्षालयसँगको समन्वयमा पशुस्वास्थ्य शिविरका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४०.पालिकाभित्रका व्यवसायिक कृषकहरुलाई कृषक अध्ययन अवलोकन भ्रमणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४१. बैदेशीक रोजगारीबाट फर्की कृषि तथा पशुपालन व्यवसाय संचालन गरेका कृषकलाई साझेदारी कार्यक्रम अन्तर्गत रु ८ लाख रकम विनियोजन गरेको छु।

४२.बंगुर पालन व्यवसायलाई थप प्रभावकारी बनाउन संघीय सरकारसँगको शशर्त कार्यक्रम अन्तर्गत रु १५ लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

४३.भैंसि पालक कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले भैंसि प्रबर्धन कार्यक्रमका लागि संघीय शशर्त अन्तर्गत कार्यान्वयन हुनेगरी रु ५ लाख ६५ हजार विनियोजन गरेको छु।

४४.वडा नं. ५ मा बाख्रा प्रबर्धन कार्यक्रमका लागि प्रदेश शशर्त अन्तर्गत रु १० लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

४५.पालिकाभित्रका कृषि तथा पशुपंक्षी तथा मत्स्य तथ्याङ्क साथै किसान सुचिकरण कार्यक्रमलागि संघीय शशर्त अनुसार कार्यान्वयन हुनेगरी आवश्यक रकम विनियोजन गरेको छु।

४६. कृषकको माटो स्वास्थ्य सुधार कार्यक्रम, उन्नत वीउ वितरकलाई प्रोत्साहन, खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान, साना सिंचाई पूर्वाधार निर्माण लगायत कार्यक्रमका लागि संघीय शशर्त अन्तर्गत रु २९ लाख रकमको प्रबन्ध मिलाएको छु।

**संस्कृति, पर्यटन विकास  कार्यक्रम तर्फ**

४७. पालिकाभित्रका चन्द्रकोट मन्दिर, चक्रेश्वर मन्दिर, दिब्रुङ्ग शिवालय मन्दिर, शिद्धबाबा धाम जस्ता धार्मिक क्षेत्रमा धार्मिक क्षेत्रमा नियमित पुजा व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४८. पालिकाभित्रका विभिन्न पर्यटकीय स्थलहरुको संरक्षण एवम् सम्बर्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४९. पालिकाको सांस्कृतिक, धार्मिक, पर्यापर्यटकीय क्षेत्रको प्रबर्धनका लागि जाउँ चन्द्रकोट घुमौं चन्द्रकोट नामक एक बृहत् भिडियो डकुमेन्ट्रि निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५०. दह नयाँपोखरा दुर्गा मन्दिर निर्माण, रामेश्वर शिवमन्दिर पौवा अधुरो निर्माण, रुद्रगंगातट शिवधाम लगायत धार्मिक स्थलहरुमा कार्य गर्नेगरी प्रदेश शशर्ततर्फको रकमबाट आवश्यक बजेटको प्रबन्ध गरेको छु।

५१. टिमुरे सामुदायिक होम स्टेको प्रबर्धनका अतिरिक्त अन्य होमस्टेको समेत संभाव्यता अध्ययनका लागि विभिन्न निकायको समन्वयमा आवश्यक रकमको प्रबन्ध गरेको छु।

**सहकारी तथा वित्तिय सुधार तर्फ**

५२. पालिकाभित्रका विभिन्न सहकारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम कार्यक्रम सहकारी क्षेत्रको व्यवसाय प्रबर्धन, उपभोक्त हित संरक्षण, वित्तिय साक्षरता, करदाता शिक्षा लगायत कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**रोजगार, गरिवी निवारण तथा उद्यमशीलता तर्फ**

५३. पालिकाभित्रका गरिव, विपन्न महिला, दलित अल्पसंख्यक लगायतका समुदायको विकासका लागि साथै गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न संघीय शशर्त तर्फबाट आवश्यक बजेटको व्यवस्थापन गरी कार्यान्वयन गर्ने प्रबन्ध मिलाएको छु।

५४. समुदायस्तरमा बैदेशीक रोजगारी सम्बन्धि अभिमूखीकरण कार्यक्रम, डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धि अभिमूखीकरण कार्यक्रम, श्रमको सम्मान राष्ट्रको अभियान, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको तथ्याङ्क संकलन, मनोपरामर्श सेवा सम्बन्धि तालिम, रोजगार सृजना एबम् प्रबर्धन सम्बन्धि सरोकारवालाहरुसँग रणनीतिक संवाद जस्ता

रोजगारसँग सम्बन्धित कार्यक्रम संचालनका लागि संघीय सरकार तर्फको बजेटसाथै पालिकाको आन्तरिक बजेटसमेत संयोजन गरी कार्यक्रम संचालनको निम्ती आवश्यक बजेटको प्रबन्ध गरेको छु।

**शिक्षा क्षेत्र तर्फ**

५५.शिक्षक विद्यार्थी अनुपातको आधारमा न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न रु. ६० लाखबजेट विनियोजन गरेको छु।

५६. प्रारम्भिक बालविकास शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम अन्तर्गतका विद्यालयहरुको शैक्षिक सुधार कार्यलाई मध्यनजर राख्दै प्रदान गरिएको अनुदानमा यस प्रकृतिको अनुदान प्राप्त गर्ने विद्यालयहरुको हकमा प्रतिविद्यालय रु १३ हजारका दरले अनुदान रकम बढाएको छु।समग्रमा यस कार्यक्रमका लागि ७२ लाख ९४ हजार रकम विनियोजन गरेको छु।

५७. पालिका अन्तर्गत र नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरतबालविकास सहजकर्ता,विद्यालय सहयोगी, विद्यालय सहायक कर्मचारी(लेखा) का जनशक्तिहरुको मनोबल बृद्धि गर्दै लैजान तथा बढ्दो महंगिलाई समेत दृष्टिगत गरी समयानुकुल बनाउदै लैजान खाईपाई आएको तलवमा रु २ हजारका दरले तलव बृद्धिका लागि आवश्यक रकमको प्रबन्ध गरेको छु। यस कार्यका लागि संघीय शशर्त बाहेक रु ६५ लाख ३९ हजार रकम विनियोजन गरेको छु।

५८. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको मनोबल बृद्धि गर्नका लागि प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु यस कार्यका लागि रु ३ लाख ९ हजार रकम विनियोजन गरेको छु।

५९. पालिकाबाट संचालन हुने पालिकास्तरीय परिक्षा संचालन तथा व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

६०. स्थानीय पाठ्यक्रमका आधारमा निर्माण गरिएका कक्षा १ देखि ८ सम्मका स्थानीय पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६१. पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सीपमूलक, कृषि उद्यमी र आत्मनिर्भरतातर्फ अगाडि बढाउन लागत साझेदारीमा **पढ्दै, कमाउदै कार्यक्रम** संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६२. चन्द्रकोट गाउँपालिकाभित्र सञ्चालित तुराङ बहुप्राविधिक शिक्षालयमा यस गाउँपालिकाका प्रत्येक वडाबाट बालिविज्ञान तथा पशुविज्ञान विषयमा अध्ययन गर्ने एक एक जना विद्यार्थीहरुलाई निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६३. पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारी तथा विद्यालयका प्रधानाध्यापकलाई लक्षित गरी नेतृत्व तथा क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६४. पालिकामा रहेको पालिकास्तरीय स्काउटलाई लक्षित गरी स्काउट विशेष कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६५. आधारभूत तहको सिकाई प्रबर्धन कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु यस कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६६. विद्यालयको लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धि शिक्षक कर्मचारीको क्षमता विकास कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६७. उत्कृष्ट शिक्षक अवकाश प्राप्त शिक्षक उत्कृष्ट विद्यार्थी सम्मान पुरस्कृत तथा प्रोत्साहन कार्यक्रम एवम् शिक्षा दिवस कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु। साथै माध्यमिक शिक्षा परिक्षामा उत्कृष्ट जीपिए ४ जिपिए प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६८. सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम, सार्वजनिक विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान, छात्राहरु लक्षित सेनेटरी प्याड व्यवस्थापन, विपन्न लक्षित छात्रबृत्ति, शैक्षिक सुशासन प्रबर्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम संचालन लगायतका कार्यक्रमहरु संघीय शशर्त अन्तर्गत संचालन हुनेगरी आवश्यक रकम विनियोजन हुने प्रबन्ध मिलाएको छु।

६९. गुणस्तरीय शिक्षा अभिबृद्धिका लागि पूरक शैक्षिक पूर्वधार निर्माण तथा शैक्षिक सुधार कार्यक्रमका लागि संघीय विशेष कार्यक्रम अन्तर्गत कार्यान्वयन हुनेगरी रु १ करोड १९ लाख रकम विनियोजन गरेको छु।

७०. संघीय शशर्त कार्यक्रम अन्तर्गत कार्यान्वयन हुनेगरी स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु।

७१. सबैका लागि शिक्षा अन्तर्गत संघीय शशर्त मार्फत कार्यक्रम कार्यान्वयन हुनेगरी विभिन्न शीर्षकमा एकमुष्ठ रु १४ करोड ९७ लाख रकम विनियोजन गरेको छु।

**युवा तथा खेलकुद तर्फ**

७२. पालिका तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्गशील्ड प्रतियोगिता संचालनका लागि रु ७ लाख रकम विनियोजन गरेको छु।

७३. विगत बर्षहरु देखि निरन्तर संचालन भैरहेको अध्यक्षकप भलिवल प्रतियोगितालाई यस बर्षपनि निरन्तरता दिदै रु ६ लाख रकम विनियोजन हुने प्रबन्ध मिलाएको छु।

७४. पालकिकाको समग्र खेल विकासका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

**स्वास्थ्य तर्फ**

७५. गर्भवती महिला, नवजात शिशु तथा वालवालिका, विपन्न अल्पसंख्यक तथा सिमान्तकृत वर्गलाई लक्षित गरी बालबालिकाहरूको लागि पोषणयुक्त कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

७६. नेपाल सरकारबाट घोषणा भएवमोजिमका निःशुल्क वितरण गर्ने भनि तोकिएका औषधिहरुको नियमित सुनिश्चितका लागिआवश्यक बजेट विनियोजन गरेको छु। त्यसका अतिरिक्त गर्भवती महिलाका लागि आवश्यक पर्ने क्याल्सियम र आईरनजस्ता अत्यावश्यक औषधिको निःशुल्क उपलब्धताको लागि गाँउपालिकाले पर्याप्त वजेटको व्यवस्था गरेको छु।

७७. चन्द्रकोट आधारभुत अस्पताललाई थप व्यवस्थित गर्दै लैजान र मेडिकल अधिकृत सहितको २४ घण्टे स्वास्थ्य सेवालाई निरन्तरता दिदै आवश्यक व्यवस्थापकीय कार्य गर्नका लागि पालिका मार्फत आवश्यक रकम विनियोजनका अतिरिक्त संघीय शशर्त तर्फबाट थप रु ८५ लाख विनियोजन हुने प्रबन्ध मिलाएको छु।

७८. चन्द्रकोट आधारभूत अस्पतालको नामबाट संचालन हुने सुविधासम्पन्न एम्बुलेन्स खरिदका लागि रु १८ लाख रकम विनियोजन गरेको छु भने एम्बुलेन्स संचालनका लागि आवश्यक जनशक्ति प्रबन्धका लागि रकम छुट्याएको छु।

७९. चन्द्रकोट आधारभुत अस्पताललाई राष्ट्रिय बीमा बोर्डसँगको संझौताका आधारमा स्वास्थ्य बीमाको प्रथम विन्दुका रुपमा स्थापित गर्नका लागि शोधभर्ना रकम स्वरुप रु ३० लाख विनियोजन गरेको छु भने शान्तिपुर बजारदेखि अस्पताल सम्म अटो रिक्सा संचालनका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

८०. विगत आर्थिक बर्षहरुमा गाउँपालिकामा संचालन भएको बृहत् स्वास्थ्य शिविरबाट धेरै नागरिकहरु लाभान्वित भएको कुरालाई दृष्टिगत गर्दै यस बर्ष पनि बृहत् स्वास्थ्य शिविरको कार्यक्रमलाई निरन्तरता दिन रु ४ लाख बजेटको प्रवन्ध गरेको छु।यसैगरी प्रत्येक महिना आधारभुत अस्पतालबाट सेवा प्रदान गर्नेगरी विशेषज्ञ डाक्टरहरु सहितको स्वास्थ्य चेकजाँच सेवा संचालन गरिनेछ साथै प्रत्येक वडामा ३/३ महिनामा प्रत्येक वडामा मेडिकल अधिकृत सहितको एकीकृत सुस्म स्वास्थ्य शिविरको लागि ७ लाख रकम विनियोजन गरेको छु।

८१.विपन्न नागरिकलाई गम्भिर प्रकृतिको रोग लागेमा यातायात तथा औषधि उपचार खर्चको लागि आवश्यक बजेटको निरन्तरता दिएको छु यसैगरी पालिकाभित्रका गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरीहुन नसकी पालिका बाहिर प्रेषण भएमा उनीहरुको लागि पालिकाबाट संचालनहुने एम्बुलेन्स मार्फत निशुल्क यातायातको निमित्त आवश्यक व्यवस्था मिलाएको छु।

८२. नेपाल नेत्रज्योतिसंघ मार्फत संचालित शान्तिपुर आँखा उपचार केन्द्रका कर्मचारीलाई पालिका मार्फत व्यवस्थापन गर्नेगरी आवश्यक बजेटको प्रबन्ध मिलाएको छु साथै निरन्तर संचालन भैरहेको विद्यालय-विद्यार्थी आँखा जाँच तथा निशुल्क चश्मा वितरण कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिदै विद्यालयमा निःशुल्क आँखा जाँच, चश्मा वितरण तथा आँखा अप्रेशन शिविर सन्चालनका लागि यस बर्ष पनि आवश्यक बजेट विनियोजन गरेको छु। आकस्मिक तथा जटिल मोतियाबिन्दुको निशुल्क अप्रेशनका लागि नेपाल नेत्र ज्योतिसँघ तम्घाससँग सम्झौता गरी नागरिकहरुको निशुल्क आँखा अप्रेशनका लागि आवश्यक बजेट विनियोजन

गरेको छु। साथै पालिकाभित्र संचालन भैरहेको निशुल्क आँखाजाँच तथा मोतियाविन्दुको निशुल्क अप्रेशन शिविरलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।

८३. गम्भिर प्रकृतीका रोग लागेका दीर्घ रोगि नागरिकहरुको लागि औषधि उपचारमा सहयोग गर्ने नेपाल सरकारको नीति लाई कार्यान्वयन गर्न संघीय शशर्त मार्फत रु ५६ लाख ४० हजार विनियोजन हुने व्यवस्था मिलाएको छु।

८४. गर्भवती महिलाहरुको लागि भिडियो एक्सरे सेवा प्रदान गर्ने उद्देश्यले स्वास्थ्य संस्थाहरुमा मासिक रुपमा १ पटक निशुल्क स्वास्थ्य संस्था मार्फत भिडियो एक्सरे सेवा उपलब्ध गराउन आवश्यक रकमको प्रबन्ध मिलाएको छु।

८५. स्वास्थ्य संस्थामा कार्यरत दरबन्दी करार र कार्यक्रम करार तर्फका जनशक्तिहरुलाई लक्षित गरि सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ भने बढ्दो महंगीलाई दृष्टीगत गरि नेपाल सरकारले प्रदान गर्ने महंगी भत्ता उपलब्ध गराउन आवश्यक बजेटको विनियोजन समेत गरेको छु। साथै बृत्ति विकासलाई मध्यनजर गर्दै नेपाल सरकारको नीति अनुरुप तलव समायोजन गर्दै लैजाने व्यवस्था मिलाएको छु।यसका अतिरिक्त कार्यरत जनशक्तिको मासिक रुपमा खाईपाई आएको तलवमा १० प्रतिशतले बृद्धि गरेको छु।

८६. चन्द्रकोट गाँउपालिकामा रहेको एकमात्र आयुर्वेद सेवा केन्द्रमार्फत आयुर्वेदिक उपचार पद्धति सर्वसुलभ बनाइनेछ ।आयुर्वेद तर्फका औषधि खरिद लगायत विभिन्न क्रियाकलाप संचालनको लागि संघीय शशर्त समेत गरी रु ९ लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

८७. सामुदायिक महिला स्वास्थ्य स्वंसेवीकाहरुका लागि संचार खर्च, मासिक बैठक खर्च, यातायात खर्च लगायतका लागि संघीय शशर्त समेत समावेश हुनेगरी पालिका मार्फत एकमुष्ठ रु ४० लाख ६६ हजार रकम विनियोजनको प्रवन्ध मिलाएको छु।

८८. लगातार २० देखि निरन्तर सेवा दिदै आएका र ६० बर्ष उमेर पुगेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेवीकालाई सम्मान तथा विदाई कार्यक्रम संचालन गर्न रु २ लाख रकम विनियोजन गरेको छु।

८९. पालिकाभित्र संचालित स्वास्थ्य संस्थाको व्यवस्थापन, डिजिटल प्रविधियुक्त स्वास्थ्य संस्था कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।

९०. पोषणमैत्री स्थानीय शासन कार्यक्रम, प्रजनन् रुग्णता स्वास्थ्य सेवा, परिवार योजना, किशोर किसोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, न्यानो झोला

कार्यक्रम, नियमित तथा आकस्मिक खोप कार्यक्रम, क्षरोग खोज पड्ताल कार्यक्रम, वार्षिक तथा अर्धबार्षिक समिक्षा, मासिक बैठक, घरटोल स्वास्थ्य प्रबर्धन कार्यक्रम, नसर्ने रोग सम्बन्धी स्कृनिङ्ग कार्यक्रम लगायत संघीय शशर्त कार्यक्रम एवम् पालिकाबाट संचालन हुने समग्र स्वास्थ्य सेवा कार्यक्रमका लागि एकमुष्ठ स्वास्थ्य सेवाका लागि रु ४ करोड ७९ लाख ३१ हजार रुपैयाँ विनियोजनको प्रबन्ध मिलाएको छु।

**भाषा, कला संस्कृती तर्फ**

९१. पालिकाभित्र रहेका विभिन्न भाषा, कला एवम् संस्कृतिको संरक्षणका लागि आवश्यक रकमको प्रबन्ध गरेको छु।

९२. पालिकाभित्र संचालन हुने चक्रेश्वर मेला, ऋषिपंचमी मेला, शिवरात्री मेला, मगर दिवस लगायतका मेला पर्व तथा दिवसहरुका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

९३. महिला संजाल मार्फत लैङ्गिक समानता र महिला शशक्तिकरण, महिलाहरुको लागि आयमूलक तथा सीपमूलक एवम् क्षमता विकास कार्यक्रम र विभिन्न सामाग्री हस्तान्तरण लगायतका कार्यक्रम संचालनका लागि रु ४ लाख ५० हजार रकम विनियोजन गरेको छु।

९४. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन लगायतका कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

९५. महिलाहरुको रजनोबृत्ति सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९६. पालिकालाई सडक मानवमुक्त पालिका घोषणा गर्नका लागि सम्बन्धित निकायसँग आवश्यक सहकार्य गर्दै कार्यसम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

९७. महिलाहरुको हक अधिकारका बारेमा सचेतना जगाउने लक्ष्यका साथ पालिकास्तरीय बृहत् तीजगीत प्रतियोगिता संचालनका लागि रु २ लाख रकम विनियोजन गरेको छु।

९८. स्थानीय तहमा जिवीकोपार्जन सुधार कार्यक्रम संचालनका लागि संघीय शशर्त तर्फबाट रु १० लाख ४७ हजार रकम विनियोजन हुने प्रबन्ध मिलाएको छु।

**वालवालिका तर्फ**

९९. पालिकाभित्र गठन भएका वडा तथा पालिका वालसंजाल एवम् बालक्लवहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु।

१००. पालिकालाई बालमैत्री पालिका घोषणा गर्ने प्रयोजनार्थ सुरुमा २ वटा वडालाई बालमैत्री वडा घोषणा गर्नका लागि रु ४ लाख विनियोजन गरेको छु।

१०१. बालविवाह न्यूनीकरण गर्ने लक्ष्यका साथ प्रदेश सरकारको वित्तिय हस्तान्तरण कार्यक्रम अन्तर्गत रु १० लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

**लक्षित बर्गतर्फः**

१०२. सामाजिक विभेद र जातीय छुवाछुत विरुद्धको सचेतनामूलक कार्यक्रम संचालनका लागि रु २ लाख विनियोजन गरेको छु।

१०३. विभिन्न जातजातीहरुको परम्परागत पेशा संरक्षणका लागि आवश्यक सामाग्री वितरणका लागि रु ३ लाख रकम विनियोजन गरेको छु।

१०४. महिला तथा लक्षित बर्ग उद्यमशीलता तथा प्रविधिजन्य सामाग्री हस्तान्तरण कार्यक्रमका लागि लागत साझेदारीमा कार्यक्रम संचालन गर्न रु ३ लाख रकम विनियोजन गरेको छु।

अपाङ्गता तर्फ

१०५. गम्भिर प्रकृतीका अपाङ्गता भएका व्यक्तीहरुलाई अपाङ्गता परिचय पत्र प्रदान गर्न घरमै गई सेवा उपलब्ध गराउने प्रबन्ध मिलाएको छु।

१०६. अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न सहायता सामाग्री प्रदान गर्ने उद्देश्यले विभिन्न संघ संस्थासँगको सहकार्यमा अपाङ्गता लक्षित सहायता सामाग्री वितरण गरिनेछ जसका लागि रु २ लाख विनियोजन गरेको छु।

१०७. क र ख बर्गका अपाङ्गता भएका व्यक्तिहरुका संरक्षकहरुका लागि जीविकोपार्जन सुधार सहयोग कार्यक्रम संचालन गरिनेछ जसका लागि रु २ लाख बजेट छुट्याएको छु।

१०८. पालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरुको एकीकृत तथ्याङ्क संकलन गरी किताव प्रकाशन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**ज्येष्ठ नागरिक तर्फ**

१०९. सामाजिक सुरक्षा र संरक्षण यस गाउँपालिकाको प्रमुख दायित्व, उद्देश्य रहेको छ। ज्येष्ठ नागरिकसँग कार्यक्रममार्फत वृद्ध आमा बुवाहरुको विभिन्न क्षेत्रबाट सुविधा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न तथा सम्मान स्वरुप विभिन्न सहायता सामाग्री वितरणका लागिआवश्यक बजेट विनियोजन गरेको छु।

११०. ज्येष्ठ नागरिकहरु लक्षित तीर्थाटन कार्यक्रम संचालन गर्न आवश्यक रकम बिनियोजन गरेको छु।

१११. जेष्ठनागरिकहरुको सेवाका लागि उहाँहरुकै घरमा गई निशुल्क चेकजाँच गर्ने लक्ष्यका साथ जेष्ठनागरिक घरदैलो स्वास्थ्य सेवा संचालन गर्न आवश्यक प्रबन्ध मिलाएको छु। साथै ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्न प्रत्येक ३/३ महिनामा वडा तहमा पुगी परिचय पत्र वितरण गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु।

११२. ८० बर्षमाथीका ज्येष्ठ नागरिकहरु औषधी उपचारका लागि रुपन्देही वा पाल्पा प्रेषण भएमा निशुल्क यातायातको सुविधा प्रदान गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

११३. पालिकाको ज्येष्ठनागरिक पार्क तथा बाल उद्यानलाई थप व्यवस्थित गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

११४. समग्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वालवालिका, लक्षित बर्ग, अपाङ्गता तथा ज्येष्ठ नागरिक तर्फका कार्यक्रम अन्तर्गतसंघीय, प्रादेशिक र पालिका स्तरीय गरी कुल रु ५० लाख ४७ हजार रकम बिनियोजन गरेको छु।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण तर्फ**

११५. पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रभावकारी बनाउन आईरिस डिभाईस खरिदका लागि आवश्यक रकम विनियोजन गरेको छु।

११६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा भएका विभिन्न नीतिगत एवम् कानुनी व्यवस्थाबारे अद्यावधिक गराउन जनप्रतिनिधि तथा कर्मचारीलाई व्यवहारीक तालिम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

## पूर्वाधार विकास तर्फ

११७. पालिकाको विकासको अभिन्न अंगका रुपमा रहेको पूर्वाधार क्षेत्रको विकास र संरक्षण एवम् स्तरोन्नतिका लागि पालिकामा रहेका विभिन्न क्षेत्रका भौतिक पूर्वाधार विकासका

कार्यक्रम संचालन गर्न गाउँपालिका स्तरीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु१ करोडरकम विनियोजन गरेको छु।

११८. पालिकामा रहेका खालीडाँडा-हिले-झारखर्क- मोटरबाटो स्तरोन्नतिका लागि १० लाख रकम विनियोजन गरेको छु। शान्तिपुर रेमी- टिमुरे सडकको उपल्लो रेमी खण्ड ढालानका लागि रु १० लाख, पिपलपाटा-किसिकोट-भञ्याङ्ग मोटरबाटो ढलानका लागि रु १० लाख रकम विनियोजन गरेको छु।

११९. यसैगरी चिसापानी- वडा भवन हरेवा सडक ढलानका लागि रु १० लाख, डासटारी खरेलटोल कालिमन्दिर मोटरबाटो स्तरोन्नतिका लागि रु १० लाख, पेक्सरपाटा डाँडाखेत विलाउनेखोला मोटरबाटो निर्माणका लागि १० लाख, सादीपोखरा थाम म्यालपोखरा मोटरबाटो स्तरोन्नतिका लागि रु १० लाख प्रदेश सरकारसँग वित्तिय हस्तान्तरण अन्तर्गत कार्यान्वयन हुनेगरी रकम विनियोजन गरेको छु।

१२०. गाउँपालिकाले विभिन्न तह तथा कार्यालयसँग पूर्वाधार विकासमा समन्वय र साझेदारी गर्नका लागि पूर्वाधार साझेदारी कार्यक्रमका लागि रु १२ लाख विनियोजन गरेको छु।

१२१. विभिन्न वडामा रहेका पूर्वाधार विकासका लागि वडागत तहबाट आवश्यक बजेट विनियोजन गरेको छु समग्रमा ८ वटै वडाको समग्र पूर्वाधार, आर्थिक विकास, प्रशासनीक विकास लगायतका समग्र कार्यका लागि एकमुष्ठ रु ५ करोड ३९ लाख विनियोजन गरेको छु।

१२२. गाउँपालिका अन्तर्गतका वडा नं. ३ र ४ को नयाँ वडा भवन निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु। संघीय समपुरकबाट रु ३५ लाख र पालिकाबाट रु ३५ लाख रकम विनियोजन हुनेगरी शान्तिपुर बजारदेखि चन्द्रकोट आधारभुत अस्पताल तथा प्रशासकीय भवन जोड्ने पहुँच मार्गका लागि रु ७० लाख रकमको प्रबन्ध मिलाएको छु। यसैगरी संघीय विशेष अन्तर्गत सीमान्तकृत समुदायकालागि एकीकृत विकासको पूर्वाधार निर्माण अन्तर्गत आर्थिक बर्ष २०८३/०८४ मा समाप्त हुनेगरी रु १ करोड २२ लाख रकमको व्यवस्था गरेको छु। प्रदेश समपुरक अन्तर्गत खहरे-ध्वादी-भिरखानी सडक स्तरोन्नतिका लागि पालिकाबाट ७५ लाख तथा समपुरक कोषबाट ७५ लाख गरी कुल १ करोड ५० लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु। विभिन्न योजनाहरुको नयाँ निर्माण र क्रमागत साथै सम्पन्नताका लागि संघीय र प्रादेशीक सरकारसँगको समन्वयमा आवश्यक बजेट विनियोजनको व्यवस्था गरेको छु। निर्माणको कार्यलाई पुरा गर्न थप रकमको प्रवन्ध मिलाएको छु।

१२३. महेन्द्र आधारभुत विद्यालय क्वाङ्गदीका लागि २ कोठे भवन निर्माण गर्न रु १० लाख विनियोजन गरेको छु। टिमुरेताल आमा समुहको भवन निर्माण, दह नयाँ पोखरा दुर्गा मन्दिर निर्माण, मजुवा सामुदायिक बहुउद्देश्यीय सभाहल निर्माणका लागि प्रदेश सरकारको शशर्त अनुदान अन्तर्गत प्रतियोजना १०/१० लाखका हिसावले रकम विनियोजनको प्रबन्ध मिलाएको छु। भौतिक पूर्वाधार अपुग भएका विद्यालय भवन, शौचालय, खेलकुद मैदान, झोलुङ्गेपुल निर्माण, लगायत पूर्वाधार निर्माण कार्यालय निरन्तरता दिएको छु ।यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१२४. प्रदेश विशेष अनुदान अन्तर्गत एकीकृत खानेपानी योजना तिरतिरे सराङ्ग भन्ज्याङ्ग र चन्द्रकोट ५ खानेपानी योजनाका लागि रु २० लाख रकम विनियोजनको प्रबन्ध मिलाएको छु।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ

१२५. गाउँपालिकाभित्र वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१२६. विपद् पूर्व तयारीका लागि सूचनामूलक सन्देशतयार गरी सूचना तथा सञ्चारको माध्यमबाट सम्प्रेषण गरिनेछ यसका लागि आवश्यक प्रवन्ध मिलाएको छु।

१२७. गाउँपालिकाको कुनै विपद्जन्य घटना घटेमा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा रहेको मौज्दात रकमबाट खर्च बेहोर्ने गरी रु ८ लाख रकमको व्यवस्था मिलाएको छु ।

१२८. गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा हुने सुरक्षा चुनौतीहरुको सामान गर्न गाउँपालिकाका विभिन्न स्थानमा सि.सि.टि.भि. जडानका र मर्मत संहारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।साथै गाउँपालिकाक्षेत्रभित्र रहेका सुरक्षा निकायहरूसँगको समन्वय र सहकार्यलाई थप चुस्त बनाइ विपद् व्यवस्थापन लगायत अन्य सुरक्षा व्यवस्थापनका कार्यलाई थप प्रभावकारीबनाउनका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

१२९. गाउँपालिकाको न्यायियक कार्य सम्पादन तथा व्यवस्थापन गर्नका लागि ५ लाख रकम को विनियोजन गरेको छु।

१३०. निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको गाउँपालिकाको मुख्य प्रशासकीय भवनबाट सेवा प्रवाह गर्नसाथै वडा कार्यालय तथा कार्यालयमा फर्निचर तथा मेसिनरी तथा अन्य व्यवस्थापन

एकमुष्ठ ७० लाख रकम विनियोजन गरेको छु। यसैगरी निर्माण सम्पन्न भएका वडा नं. २ र ५ का नयाँ वडा भवनबाट सेवा संचालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु।

१३१. गाउँपालिकाको सूचना प्रविधि व्यवस्थापन साथै सार्वजनिक सेवा प्रवाह तथा संस्थागत सुधारका लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३२. पालिकाको विगत ५ बर्षको समग्र उपलब्धी अवको आवश्यकता लगायतका सबै पक्ष समेटेर गाउँपालिकाको आर्काईभल आर्ट निर्माणका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

**कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ**

१३३. नेपाल सरकारले आर्थिक बर्ष २०८३/०८४ को बजेट मार्फत राष्ट्रसेवक कर्मचारीको तलव भत्तामा गरेको बृद्धि बमोजिम गाउँपालिका तथा मातहतका वडा कार्यालयमा कार्यरत दरबन्दी भित्रका करार कर्मचारी र कार्यक्रम तर्फका करार कर्मचारीहरुको मनोबल उच्च राख्नउनीहरुको तलवमा समायोजन गर्दै खाईपाई आएको तलवमा बृद्धि हुने व्यवस्थाका लागि आवश्यक रकमको प्रबन्ध मिलाएको छु। साथै करार सेवामा कार्यरत कर्मचारी लागि समेत स्थायी कर्मचारी सरह महंगीभत्ता तथा सामाजिक सुरक्षाकोषको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१३४. गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत दरबन्दी बाहिरका कर्मचारी तथा कार्यक्रम करार अन्तर्गत नरहेका कर्मचारीको हकमा उनीहरुले खाईपाई आएको तलवमा १० प्रतिशतका हिसावले बृद्धि गरेको छु।

१३५. चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू लगायत अन्य प्रशासनिक निकायहरूको कार्य सञ्चालन तथा प्रशासनिक खर्चका लागि रू. ९ करोड ११ लाख रुपैया रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म चन्द्रकोट गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१३६. आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिकाको कुल बजेट मध्ये अधिकांश बजेट संघीय सरकार प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण नै हो । गाउँपालिकाको आन्तरिक आयव्यवस्थापनका लागि नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरू उपलब्ध भए बमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर दस्तुर शुल्कका दर तथा क्षेत्रहरूलाई केही संशोधन गरी आगामी आर्थिक वर्षको देहाय बमोजिम बजेट प्रस्ताव गरेको छु ।

१३७. चन्द्रकोट गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि चालू तर्फ**रू.४४ करोड ७१ लाख ७० हजार ( ७७.८४ प्रतिशत)** र पुंजीगत तर्फ **रू. १२ करोड ७३ लाख ३० हजार** (२२.१६**प्रतिशत**) गरी जम्मा **रू. ५७ करोड ४५ लाख रुपैयाको** बजेट प्रस्तुत गरेको छु ।

१३८. आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय संकलन व्यवस्थापन तर्फ निर्धारण गरिएका करका दर रेट समेतका आय स्रोतहरूको विस्तृत विवरण चन्द्रकोट गाउँपालिकाको प्रस्तावित आर्थिक विधेयक, २०८३ र गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन गर्न प्रस्तावित गरेका योजना/आयोजना/परियोना/कार्यक्रमहरूको विस्तृत विवरण गाउँपालिकाको विनियोजन विधेयक,२०८३ मा समावेश गरेको छु । गाउँपालिकाले आगामी आ.व. २०८३/०८४ का लागि अनुमान गरिएको खर्च वेहोरिने स्रोत हरू देहाय बमोजिम रहेका छन्:

गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. **१ करोड २९ लाख ५० हजार**
आर्थिक बर्ष २०८२/०८३ को मौज्दात रु ४ **करोड ३२ लाख ९३ हजार**
स्थानीय बाँडफाँड बाट रु **१५ लाख**

संघीय सरकारबाट (वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान र शशर्त अनुदान समेतबाट रू४७ **करोड ८७ लाख २१ हजार**

लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान र शशर्त अनुदान समेतबाट रू.**३ करोड ८० लाख ३६ हजार** रूपैयाँ।

**सभाध्यक्ष महोदय,**

१३९. प्रस्ततु बजेट योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक क्षमता विकास संस्थागत/नीतिगत/कार्यविधिगतसुधारका कार्यहरू गर्ने साथै आवश्यकता अनुसार सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदारहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, र स्थानीय उपभोक्ताहरू समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था मिलाइनेछ र यसबाट बजेटको सुनिश्चितता एवं पारदर्शिता उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु ।

१४०. प्रस्तुत नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयनबाट गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, पूर्वाधारमैत्री, समावेशीता, उद्यमशीलता लगायतका क्षेत्रमा न्यायोचित र समतामूलक दिगो विकासमा योगदान गर्न कोशेढुंगा हुने विश्वास लिएको छु।

**समाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यहरू**

१४१. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुतीको उत्तरार्धमा आइपुग्दा बजेट तथा कार्यक्रम बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्य, गाउँसभा सदस्य लगायत सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरू, राजनितिक दलका नेता साथीहरु, आम चन्द्रकोट बासी नागरिकहरु,सञ्चारकर्मी साथीहरू, बजेट निर्माण प्रक्रियामा खटिनु भएका राष्ट्रसेवक  कर्मचारी साथीहरु, प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहभागी हुनुहुने एवं अमूल्य सहयोग, सद्भाव, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबै प्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद।जय चन्द्रकोट।

**विष्णु प्रसाद भण्डारी**
**उपाध्यक्ष**

*मितिः २०८३ असार १० गते ।*